


# नेपालमा खानेपानी आपूर्ति प्रणाली: अझ राम्रो र दिगो सेवा कसरी बनाउने ? - २

OXFAM

यो दस्तावेज नेपालको ग्रामीण खानेपानी आपूर्ति प्रणालीको सञ्चालन र दिगोपनाको क्षेत्रमा अक्सफामले गरिरहेको कार्यको पहिलो अद्यावधिक दस्तावेज हो । पाठकहरूलाई यसअघिको पहिलो संस्करण पढ्न अनुरोध छ :



Photo © Kishor Sharma/OxfamInNepal




Photo ©: Susma Parta/OxfamInNepal

# दिगोपनाका उत्प्रेरकहरुको कार्यान्वयन

अक्सफामले यसअघि गरेको अध्ययनमा खानेपानी आयोजनाहरुको दिगोपनाको लागि महत्वपूर्ण भमिका खेल्न सक्ने पाँचवटा उत्प्रेरक (लिभर)हरुको पहिचान गरेको थियो । सो अध्ययनमा ती पाँचवटा उत्प्रेरक कसरी परीक्षण गर्न सकिन्छ भन्ने पनि सुझाइएको थियो । यस अध्ययन प्रतिवेदनमा भने ती उत्प्रेरकहरुलाई कसरी कार्यान्वयन गरियो र त्यस क्रममा के-कस्ता चुनौती सामना गरियो भन्ने उल्लेख छ ।


### उत्प्रेरकहरू के-कस्ता थिए ?

**दिगोपनाका लागि आवश्यक उत्प्रेरकहरू**




# उत्प्रेरकहरू कहिले कार्यान्वयन गरियो ?

अक्सफामले उल्लिखित उत्प्रेरक १ र २ लाई खानेपानी आपूर्ति प्रणालीको निर्माणको चरण (कार्यान्वयन चरण) मै कार्यान्वयन गरेको थियो । उत्प्रेरक १ तत्काल कार्यान्वयन गरिएको थियो भने उत्प्रेरक २ को पूर्णतया कार्यान्वयन हुन झण्डै २ वर्ष लागेको थियो । उत्प्रेरक ३ र ४ खानेपानी आपूर्ति प्रणालीको प्रभावकारी सञ्चालनका लागि आवश्यक थियो । तसर्थ, खानेपानी आपूर्ति प्रणालीको प्रभावकारी कार्यान्यवन गर्न केही वर्ष लाग्यो । उत्प्रेरक ५ को हकमा भने धेरै फेरबदल गर्नुपरेको थियो । निजी क्षेत्रले खानेपानी आपूर्ती प्रणालीको सञ्चालन र मर्मत सम्भारको पूर्ण जिम्मा लिन असमर्थता देखाएको हुनाले उत्प्रेरक ५ निजी क्षेत्रमार्फत कार्यान्वयन गराउन सकिएन ।



## १.१
## स्थानीय व्यवसायीमार्फत पाइप बिच्छ्याउने काम

समुदायको सदस्यहरुलाई खानेपानीको पाइप बिच्छ्याउने काममा संलग्न गराउँदा धेरै पाइप जमिनबाट ९० सेमि भन्दा मुनी नगाडिएको तथा दुई पाइप बीचको जोडाइमा पनि समस्या आएको देखियो । तसर्थ, सो कार्यमा स्थानीय पेसेवर एवम् प्राविधिकहरूलाई संलग्न गराइयो ।




चित्र १ : फतुहा महेशपुर खानेपानी आपूर्ति योजनामा बेल्डिङ मेसिनमार्फत पाइप जडान गरिँदै ।




चित्र २ : राजपुर खानेपानी तथा सरसफाई बोर्डका व्यवस्थापक मुख्य पाइपलाइनको गहिराइ नाप्दै ।

केही-केही ठाउँमा पाइप गाड्न खन्नुपर्ने खाडल खन्न र पाइप गाडिसकेपछि माटो पुर्ने काममा स्थानीयलाई सहभागी गराइयो । यद्यपि प्राविधिक तथा योजनाका इन्जिनियरहरूले जमिनभन्दा ९० सेन्टिमिटर तल पाइप गाडिएको यकिन गरेका थिए । पाइपको जोडाइ बलियो र टिकाउ होस् भन्ने हेतुले हातले मात्र जोड्नुभन्दा हिटिङ प्लेटको उपयोग गरियो ।




चित्र ३ : दक्ष कामदारद्वारा पाइप बिच्छ्याउने कार्य गरिँदै ।




## १.२
## खानेपानी संरचना बनाउनुभन्दा पहिला नै जनसंख्याको ८०% ले घरेलु प्रयोजनको लागि खानेपानी जडान गर्न पैसा तिरिसकेको सुनिश्चितता गर्ने ।

नेपालका अधिकांश खानेपानी आपूर्ति प्रणालीको प्रमुख आम्दानीको स्रोत उपभोक्ताले तिर्ने खानेपानीको महशुल हो । तसर्थ, खानेपानी प्रणालीको आर्थिक अवस्था उपभोक्ताको सन्तुष्टीसँग प्रत्यक्ष गाँसिएको हुन्छ ।

अक्सफामले ली फिल कन्सल्टसँग संयुक्त रूपमा गरेको प्रारम्भिक अध्ययनले ६० देखि ८० प्रतिशत उपभोक्ता खानेपानी प्रणालीमा आबद्ध हुँदा परियोजना दिगो हुने देखिएको थियो । पहाडी क्षेत्र जहाँ खानेपानीमा पहुँचका लागि ठूलो संघर्ष गर्नुपर्छ त्यस क्षेत्रका घरधुरीमा मिटर जडित खानेपानीको लाइन जोड्ने चाहना उच्च देखिन्छ । जब कि हाते चापाकलमार्फत भूमिगत खानेपानी उपलब्ध भइरहेको तराई क्षेत्रमा भने मानिसहरू मासिक शुल्क तिर्नुपर्ने हुनाले चापाकल छाडी घरधुरीमा मिटर जडित खानेपानीको लाइन जोड्न अनकनाउने गरेको पाइयो । हाते चापाकल पनि सित्तैमा बन्ने त होइन तथापी खानेपानीका लागि मासिक शुल्क तिर्नुभन्दा चापाकल जडान खर्च र त्यसकै मर्मत सम्भार खर्च व्यहोर्न रुचाइएको पाइयो ।

पहाडी क्षेत्रमा खानेपानीका उपभोक्ताहरूले श्रमदान वा अन्य सहयोगमार्फत घरधाराको जडानमा योगदान दिँदै स्थानीय रूपमा उपलब्ध सामग्रीहरूको व्यवस्था गरेको पाइयो भने तराईका उपभोक्ताले श्रमदान वा अन्य सहयोगभन्दा नगद भुक्तानी गर्न रुचाएको पाइयो । यद्यपि अक्सफामले तराईका उपभोक्ताहरूलाई घरधारा जडानको भुक्तानीका लागि प्रोत्साहन गर्न धेरै समय तथा विभिन्न विधि अपनाउनु परेको थियो ।

तराईको दक्षिणी क्षेत्रको समुदाय[१] खुला दिसामुक्त राष्ट्रिय अभियानबाट[२] प्रभावित भएको थियो । अभियानको अन्तिम चरणसम्म पनि शौचालय नबनाउने घरधुरीहरुलाई विकास साझेदार संस्थाहरूले शौचालय निर्माणका लागि आवश्यक सामग्रीमा अनुदान दिएर अभियानमा सहभागी गराइएको थियो । विगतमा त्यस्तो सहयोग पाएका स्थानीयले खानेपानीको धारा जडानमा पनि त्यस्तो कुनै सहयोग पाइएला कि भन्ने अपेक्षा गरेको पाइयो । खानेपानीको निर्माण योजना अघि बढिरहँदा लक्षित घरधुरीले घरधारा जडानका लागि आफ्नो भागको रकम नतिरेपछि निर्माण कार्य राक्नुपरेको पनि थियो । खानेपानी आपूर्ति परियोजनाको तयारी बैठक तथा समुदाय र सरोकारवालासँगको परामर्श बैठकमा धेरै संघसंस्थाले दिगो खानेपानी आपूर्ति प्रणाली निर्माणमा सहयोग गर्ने बाचा गरे । तर ती बाचाहरू कार्यान्वयन भएनन् । यसर्थ, समुदायले आफ्नो भागको भुक्तानी गर्नुअघि परियोजना निर्माण हुन्छ भन्ने विश्वासको आधार खोजे । त्यसैले अक्सफामले आफ्ना साझेदारहरूसँगको सहकार्यमा डिप ट्युबेल र आभेरहेड ट्याङ्की निर्माण सुरु गर्‍यो । अर्कोतिर समुदायलाई विश्वसनीय बनाउन उपभोक्ता लक्षित सचेतना र सहभागितामूलक कार्यक्रमलाई पनि जारी राख्यो ।




**१. छुट योजना:** घरधुरीलाई विभिन्न छुट योजना दिएर अग्रीम भुक्तानीका लागि आकर्षित गरिएको थियो । छुट योजनाबारे पम्प्लेट तथा सामुदायिक बैठकहरूमार्फत जानकारी दिइएको थियो । चित्रमा देखाइएअनुसार छुटका शीर्षकहरू तय गरिएका थिए ।

---

१ तराईका सबै जिल्लामा एउटै अवस्था छ भन्ने पुष्टि गर्ने पर्याप्त आधार त अक्सफामसँग छैन तथापी यो निचोड तराईका दुई जिल्ला, सर्लाही र रौतहटमा सरसफाइ र स्वच्छता कार्यक्रम सञ्चालन गर्दाका पेशेवर विज्ञहरुको अनुभवको सार हो ।

२ खुला दिसा मुक्त क्षेत्र अभियानको अन्त्यमा अभियानमा सामेल हुन नसक्ने घरधुरीलाई घरेलु शौचालय निर्माणका लागि आवश्यक सामग्री अनुदानमा उपलब्ध गराएर अभियान सफल बनाइएको थियो ।

**२. स्थानीय नेताहरुको सहयोग:** विभिन्न घरधारा जडानको शुल्क संकलनलाई प्रभावकारी बनाउन स्थानीय नेताहरूको यथेष्ट सहयोग लिइएको थियो । यस क्रममा स्थानीय नेतृत्वलाई उनीहरूको मताधार भएका क्षेत्रमा पाइपमार्फत वितरण हुने सुरक्षित खानेपानीको महत्वबारे सम्झाइ-बुझाइ गर्ने कार्यमा पनि सहयोग लिइएको थियो । स्थानीय उपभोक्तालाई प्रोत्साहन गर्न घरदैलो कार्यक्रम पनि गरियो । सर्वसाधारणलाई जनचेतना जगाउन र प्रोत्साहित गर्न सामाजिक कार्यकर्ता, राजनीतिक नेतृत्वपंक्तिका साथै धार्मिक अगुवाहरूको पनि सहयोग लिइयो । केही समयको अन्तरालमा एक निश्चित अवधिसम्म यस्तो सचेतना र उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिएका थिए ।

**३. सरकारी दबाब:** स्थानीय सरकारले ती घरधुरी जसले खानेपानीको घरधारा जडान गरेका थिए, तिनलाई आफूले प्रवाह गर्ने सेवा सुविधामा प्राथमिकता दिएर पनि धारा जडानका लागि प्रोत्साहन गरेको थियो । तर अक्सफामले यो विधिलाई निरन्तरता दिन सुझाव दिएन किनभने सबै घरधुरी घरधारा जडानका लागि आर्थिक रूपले सक्षम नहुन सक्छन् र कमजोर आर्थिक अवस्था भएका धरधुरीलाई स्थानीय सरकारले सेवाप्रवाहमा प्राथमिकीकरण नगर्नु न्यायोचित कदम होइन ।

**४. माइकिङ/पोस्टर/सडक नाटक:** स्वच्छ र सुरक्षित खानेपानी आपूर्तिको सन्देश समाजका सबै तह र तप्कामा पुगोस् भनेर सडक नाटकहरू मञ्चन गरियो । यस्ता सडक नाटक विभिन्न समूहमा पुग्ने गरी विभिन्न ठाउँमा मञ्चन गरिएको थियो । नाटकको सन्देश सुरक्षित पिउने पानी र स्वस्थ जीवनयापनको महत्वमाथि केन्द्रित थियो । यी सन्देशहरूलाई गाउँठाउँमा माइकिङ तथा पोस्टर टाँसेर पनि व्यापक बनाइएको थियो ।

यद्यपि खानेपानी प्रणालीको निर्माण कार्य सुरु भइसक्दा पनि धेरै घरधुरीले धारा जडानको भुक्तानी गरेका थिएनन् । तसर्थ जुन क्षेत्रमा पाइप जडानकार्य सकियो त्यस क्षेत्रमा जडान शुल्क तिरेका घरधुरीहरुमा प्लेटफर्म सहितको धारा जडान गरियो ।

**५. स्थानीय प्रभाव (छरछिमेक/साथीभाइ):** घरधारा जडानका लागि छरछिमेक तथा साथीभाइको प्रभावले घरधारा जडान शुल्क भुक्तानी गर्ने परपाटीमा ठूलो असर गऱ्यो । तल उल्लेखित मुख्य दुई कार्य सबैभन्दा बढी प्रभावकारी रहे ।

**५.१ हरियो स्टिकर र घर नम्बर :** घरधारा जडानको भुक्तानी गरेका प्रत्येक घरधुरीलाई घर नम्बर सहितको हरियो स्टिकर दिइयो । यसले धारा जडानको भुक्तानी गर्ने र भुक्तानी नगर्ने धरघुरीहरू स्पष्ट रूपमा चिनिएका थिए । यो घरधारा जडानका लागि भुक्तानी दिन अप्रत्यक्ष रूपमा आकर्षित गर्ने एउटा सफल तरिका साबित भयो । यो विधि अवलम्बन गरेको केही महिनापछि अक्सफामले महसुश गरेको चाखलाग्दो कुरा के थियो भने समुदायले यसलाई सामाजिक हैसियतसँग जोडेर हरे । कुनै पनि घरधनी आफ्ना छिमेकीभन्दा न्यून हैसियतको देखिन चाहेनन् ।




**५.२ चाडपर्व :** घरधारा जडानका लागि सकारात्मक प्रभाव पार्ने अर्को कारक तत्व भनेको चाडपर्व पनि रहेको पाइयो । चाडपर्व पनि घरधारा जडानका लागि सकारात्मक प्रभाव पार्ने महत्वपूर्ण कारक तत्व हुन्छ भन्ने सोचिएको थिएन । सामाजिक वस्तुस्थितिअनुसार चाडपर्वमा पानीको अत्यधिक आवश्यकता हुने हुँदा घरधारा जडान गरेको घरधुरीले चाडपर्वमा मजाले पानी उपभोग गर्न पाएका थिए भने जडान नगरेका घरधुरी त्यो सुविधाबाट वञ्चित भएका थिए । यसले पनि घरधारा जडान गर्न चाहने घरधुरीको संख्यामा वृद्धि भएको थियो ।

## विपन्न घरधुरीलाई समेट्न के के गरियो ?

**विपन्न घरधुरीलाई समेट्न तीन प्रमुख विधि अपनाइएको थियो :**

### १. विपन्न घरधुरीको पहिचान गरी अनुदान उपलब्ध गराइयो :

स्थानीय सरकारसँगको सहकार्यमा विपन्न घरधुरीहरुको पहिचान गरी परियोजनाले उक्त घरधुरीहरुलाई घरधारा जडानका लागि लाग्ने लागतको ५० प्रतिशत अनुदान दिएर बाँकी रकम किस्तामा तिर्ने व्यवस्था मिलाएको थियो । यसरी अनुदान दिँदा कुल लक्षित जनसंख्याको ८ प्रतिशत पहुँच बढेको थियो ।

### २. सीप विकास तालिम :

परियोजनाले समुदायलाई ६ वटा समूहमा विभाजन गरी समन्वय गरिरहेको थियो । ती समूहमा रहेका विपन्न घरधुरीहरुको पहिचान गरी त्यहाँ रहेका महिलाहरुलाई करेसाबारी व्यवस्थापनको तालिम पनि दिइएको थियो । उनीहरूलाई तरकारीको बिउ सहयोग गरिएको थियो र पछि उनीहरूले तरकारी बेचर प्राप्त रकमबाट तीन किस्तामा घरधारा जडानको शुल्क तिरेका थिए । यसरी काम अघि बढाउँदा कुल ३४० घरधुरीमा घरधारा जडान हुन पुगेको थियो ।


### ३. किस्तामा भुक्तानी गर्ने सुविधा :

धेरै घरधुरीहरू घरधारा जडानका लागि एकै किस्तामा अग्रीम भुक्तानी गर्न सहमत भएनन् । तसर्थ घरधुरीलाई किस्तामा भुक्तानी गर्ने सुविधा दिइएको थियो । यसले पनि घरधारा जडानमा कोही पनि नछुटून् भन्ने योजना प्रभावकारी बन्यो ।

## कुन-कुन विधि प्रभावकारी भए ?

परियोजना कार्यान्वयनका क्रममा लागू गरिएका विधिहरू नेपालको तराई क्षेत्रको दक्षिणी भेगमा केन्द्रित थिए । नेपालमा भारतसँग सिमा जोडिएका अरु समुदायमा पनि यो विधीले काम गर्न सक्छ ।

### प्रभावकारी विधि




यस क्षेत्रमा लागू गरिएका विभिन्न विधिमा सुरुको सय घरधुरीमा घरधारा जडानका लागि स्थानीयलाई सहभागी गराउने काममा स्थानीय राजनीतिक नेतृत्वको सहभागिता महत्वपूर्ण कदम सावित भयो । समुदाय स्तरमा परिवर्तन तुरुन्तै स्वीकार्य नहुने हुँदा घरधारा जडान गर्न स्वयं जडान शुल्क तिर्नुपर्ने कार्यमा प्रथम चरणको घरधुरीलाई समेट्न गाह्रो भएको थियो । सुरुमा भुक्तानी गर्ने घरधुरीलाई छुट दिइने योजनाले अन्य घरधुरीलाई पनि धारा जडानका लागि प्रोत्साहित गऱ्यो । धारा जडानका लागि भुक्तानी गर्ने घरधुरीमा टाँसिएको हरियो स्टिकर र चाडपर्वका बेला घरमै धारामा पानीको उपयोग गर्न पाउँदाको सुविधा दुई प्रभावकारी उपाय सावित भए जसले अन्य घरधुरीका सदस्यलाई धारा जडान गर्न प्रोत्साहित गऱ्यो । अर्कोतर्फ धारा जडानको लागि प्रभावकारी ठानिएको माइकिङ/पोस्टर/पम्प्लेटहरू तथा सचेतना अभियन त्यति प्रभावकारी सावित भएन ।

## हामी कसरी ६०% समुदायसम्म पुग्न सफल भयौं ?

### समायोजन वक्र (एडप्सन कर्भ)


यस वक्रले समुदायका धरधुरीहरू कुन दरले घरधारा जडान कार्यमा संलग्न भएको भन्ने देखाउँछ । तराई क्षेत्रमा खानेपानी संरचना बनिसकेपछि पनि सो सँग जोडिने घरधुरीको दर निकै न्यून छ । त्यस क्षेत्रमा सञ्चालित अन्य कार्यक्रमहरू हेर्ने हो भने १० वर्षमा ५०% सहभागिता पाउन पनि गाह्रो देखिएको अवस्थामा अक्सफामले कोभिडको असर रहेको अवस्थामा पनि ३ वर्षमै ५०% भन्दा माथिको सहभागिता सुनिश्चित गर्न सकेको छ ।




## घरधारा जडानको भुक्तानी संकलन गर्न कति समय लाग्यो ?

# ६६५ दिन

सेवाग्राहीहरुको सहजताका लागि किस्तामा भुक्तानी गर्ने सुविधा उपलब्ध गराइएको थियो । तथापी, यो प्रक्रिया सजिलो भने थिएन । घरपरिवारले घरधारा जडानको सम्पूर्ण भुक्तानी गर्न केही समय लगाए । परियोजना सदस्यहरुको बृहत् परिचालन र संलग्नता भए तापनि कोभिडले पारेको प्रभावका कारण घरपरिवारले घरधारा जडानको सम्पूर्ण भुक्तानी गर्न धेरै समय लगाए । यसबाट के बुझिन्छ भने यस क्षेत्रका कुनै पनि परियोजनामा बढीमा ६६५ दिन घरधुरीहरुलाई घरधारा जडान गराउन नै समय लाग्ने रहेछ । भविष्यमा गर्ने कार्यक्रममा भने यो समय छोटिन सक्छ किनभने यस कार्यक्रम कार्यान्वयनको वेला कोभिडले प्रभाव पारेको थियो ।




## लक्ष्य प्राप्तिमा उत्प्रेरक ३ र उत्प्रेरक ४ को प्रभाव

उत्प्रेरक ३ र उत्प्रेरक ४ पानी आपूर्ति प्रणालीको वित्तीय र सम्पती व्यवस्थापन पक्षलाई सुदृढ बनाउन केन्द्रित रहेका छन् । हाल स्थानीय स्तरमा सञ्चालित साना खानेपानी आपूर्ति प्रणालीमा लेखापालको नियुक्ति वा लेखा प्रणालीको अभ्यास नराखिएका हुँदा भुक्तानीहरुको राम्रो अभिलेख भएको पाइँदैन । त्यसो हुँदा कोषको उचित व्यवस्थापनमा कमी हुँदै रकम दुरुपयोगको जोखिम उच्च हुन सक्छ जसले समग्र खानेपानी प्रणालीको सुशासनमा असर गर्छ । त्यसैगरी, खानेपानी आपूर्ति प्रणालीहरुमाथि गरिएको अध्ययनमा केही उपभोक्ताहरू खानेपानी उपभोक्ता समितिको कार्यलयसम्म लामो दुरी हिँडेर जानुपर्ने हुँदा शुल्क भुक्तानीमा ढिलाइ हुने गरेको पाइयो । अक्सफामले निजी क्षेत्रसँगको सहकार्यमा खानेपानीको केन्द्रीय लेखा प्रणाली विकास गरी सबै सूचना एकत्र हुने प्रणाली बनाउने र खानेपानीको भुक्तानीको अभिलेख राख्न कम्प्युटर सफ्टवेयरमा लेखा प्रणालीको विकासमा लगानी गरेको छ, जसले ग्रामीण क्षेत्रमा भुक्तानी र अभिलेखमा धेरै सुविधा दिइरहेको छ ।

## निजी क्षेत्रको सहभागिता - उपयुक्त साझेदारको खोजी

अक्सफामले आफ्नो लक्ष्य र उद्देश्यसँग मेल खाने उपयुक्त निजी क्षेत्रको पहिचानका लागि झण्डै दुई वर्ष लगानी गरेको छ । सुरुवाती चरणमा उत्प्रेरक ३, उत्प्रेरक ४ र उत्प्रेरक ५ अन्तर्गतका सबै भूमिकामा निजी क्षेत्रलाई कार्यभार दिने उद्देश्य राखिएको थियो र सोही सन्दर्भमा अक्सफामले उत्प्रेरक ३, ४ र ५ का सन्दर्भमा शहरी क्षेत्रमा काम गरिरहेका १७ वटा निजी क्षेत्रकासँग छलफल र परामर्श गरेको थियो । त्यस क्रममा ८ वटा निजी क्षेत्रसँगको शृंखलावद्ध छलफलपछि ५ वटा निजी क्षेत्रले अक्सफामले गर्न लागेको नमुना परियोजनामा काम गर्ने रुचि देखाए । छलफल र परामर्शको सो क्रममा केही सिकाइ र निम्न अनुभव बटुल्ने अवसर मिल्यो ।

१. साना आयोजनाहरुका बाँकी बक्यौता चुक्ता गरिएको खण्डमा मात्र निजी क्षेत्रले आयोजनाको सञ्चालन तथा व्यवस्थापनमा सहज महसुस गर्नेछ ।

२. यदि विद्यमान खानेपानी प्रणालीलाई स्तरोन्नती गरेर गुणस्तरीय बनाइएमा मात्र निजी क्षेत्रले खानेपानी सञ्चालन तथा व्यवस्थापनमा सहज महसुस गर्नेछ ।

३. परियोजना आर्थिक रुपले आत्मनिर्भर हुन ५ वर्ष लाग्ने देखिएको र स्थानीय तहमा प्रत्येक पाँच वर्षमा निर्वाचित भएर आउने नयाँ स्थानीय सरकारले त्यही संस्थालाई नै फेरि व्यवस्थापनको जिम्मा दिने यकिन नहुँदा निजी क्षेत्र काम गर्न उत्साहित नभएको पाइयो ।

४. पहाडी क्षेत्रमा सडकको अवस्था राम्रो नभएका कारण खानेपानी आपूर्ति प्रणालीमा समस्या देखिएको स्थानमा समयमै पुग्न अप्ठेरो हुने हुँदा सो क्षेत्रमा सन्तोषजनक सेवा प्रवाह गर्न नसकिने अनुमान निजी क्षेत्रहरूको रहेको पाइयो, त्यसैकारण उनीहरू जिम्मेवारी लिन हिच्किचाएको देखियो । यस कार्यमा स्थापित संस्थाहरूले रुचि देखाएनन् बरु भर्खरै स्थापना भएका निजी क्षेत्रहरुले मात्र चासो राखे । तर, काम गर्न चाहने ती निजी क्षेत्रहरू केही महिनामै कोभिड माहाहारीका कारण आर्थिक रुपले टाट पल्टिए ।

५. स्थानीय समुदायलाई निजी क्षेत्रले गुणस्तरीय र भरपर्दो सेवा दिन सक्छ कि सक्दैन भन्ने शंका रहेको पाइयो । उनीहरुलाई आफ्नो पैसा अन्यत्र प्रवाह हुने भयो भन्ने चिन्ता पनि रहेको पाइयो ।

## हाम्रो मार्ग परिवर्तन गर्ने समुदायका आवाजहरू

समुदायका सदस्यहरूको समूहले विभिन्न तहमा छलफल तथा परामर्श गरेर एक वर्षको समीक्षापछि अक्सफाम र यसका साझेदारहरूसँग भेट गरे । उनीहरुले अक्सफाम र यसका साझेदारहरूलाई दिएका धेरै सुझाव रोचक र उपयोगी थिए ।

१. निजी क्षेत्रले यस परियोजनाबाट नाफा हुन नसक्ने महसुस गरेर परियोजनाबाट अलग भयो भने के हुन्छ ? त्यसको वैकल्पिक योजना के हुनेछ ?

२. यदि उत्प्रेरक ४ र उत्प्रेरक ५ को कार्यान्वयनमा निजी क्षेत्रलाई संलग्न गराइयो र उत्प्रेरक ५ लाई भने हाम्रो मातहतमा रहने संरचनाद्वारा व्यवस्थित गरियो भने के होला ?

समुदायबाट आएका यी दुई रुचिकर र पेचिला प्रश्नले अक्सफामलाई निजी क्षेत्रद्वारा व्यवस्थापन गरिने प्रस्तावित पद्धतिबाट पूर्ण रूपमा परिवर्तन गराई स्थानीय संस्थाद्वारा व्यवस्थापन गरिने ग्रामीण खानेपानी व्यवस्थापन बोर्डको अवधारणतर्फ उन्मुख गरायो । यसरी नेपालको ग्रामीण क्षेत्रमा पहिलो पटक अक्सफाम र स्थानीय सरकारको सहकार्यमा ग्रामीण खानेपानी व्यवस्थापन बोर्डको स्थापना भयो, जुन नेपालको ग्रामीण र अर्धशहरी क्षेत्रका लागि लक्षित छ ।

## अक्सफाम, यसका साझेदार तथा निजी क्षेत्र

### उत्प्रेरक ३ र उत्प्रेकर ४ लाई सम्भव बनाउन कसरी निजी क्षेत्रसँग साझेदारी गरियो ?

नेपालमा अक्सफामले मोबाइल फोन, क्रेडिट कार्डबाट स्वचालित बिलिङ प्रणालीमा काम गरिरहेका सम्भाव्य निजी क्षेत्रहरूको खोजी गर्‍यो जसले वित्तीय खाताहरुलाई केन्द्रिकृत गर्न सकोस् ।

सुरुमा हामीले डिसहोम जस्ता केबल नेटवर्क टेलिभिजन सेवा प्रदायकहरुद्वारा नेपालको ग्रामिण क्षेत्रमा प्रिपेड कार्ड प्रयोग गरेजस्तै मासिक शुल्क भुक्तानी गर्न सकिने सम्भाव्यताको खोजी गर्‍यौं । यस बारेमा धादिङको गजुरी, सिद्धलेक र बेनीघाट रोराङ गाउँपालिकाका ५ सय ४७ घरपरिवारमा अध्ययन गरियो । सो अध्ययनमा १०० प्रतिशत घरधुरीमा मोबाइलको पहुँच रहेको, ६५ प्रतिशतले इन्टरनेट प्रयोग गर्ने गरेको, ४३.९ प्रतिशतले फेसबुक वा अन्य सामाजिक सञ्जाल प्रयोग गर्ने गरेको पाइयो । तिनीहरूमध्ये ४.४ प्रतिशतले अनलाइन भुक्तानी वा ई-ट्रान्सफरको लागि मोबाइल प्रयोग गर्ने गरेको पाइयो । ७१ प्रतिशत घरधुरीले आफैं फोन रिचार्ज गर्ने गरेको देखियो भने ५१ प्रतिशत घरधुरीले मोबाइल/इन्टरनेटमार्फत पानीको महसुल भुक्तानी गर्न सकिने सम्भावनालाई आफूहरुले विकल्पका रूपमा विचार गर्ने बताए । ती मध्ये धेरैले त्यसअघि नै बिजुलीको बिल तिर्नका लागि त्यस्तै प्रकारका विद्युतीय भुक्तानी सेवा प्रयोग गर्दै आएका थिए । यसले खानेपानीको महसुल भुक्तानीका लागि अनलाइन भुक्तानी र केन्दिकृत डिजिटल खाता व्यवस्थापनको सम्भावना उच्च देखायो ।


अक्सफामले अनलाइन/अफलाइन मोबाइल भुक्तानीलाई सहज बनाउन मोबाइल वालेट सञ्चालनका लागि दुई प्रमुख दूरसञ्चार सेवा प्रदायक संस्था नेपाल टेलिकम (एनटीसी) र एनसेलसँग परामर्श गरेको थियो । नेपाल टेलिकमका अनुसार राष्ट्रिय वाणिज्य बैंकसँगको सहकार्यमा नेपाल डिजिटल पेमेन्ट कम्पनी लिमिटेडको मोबाइल वालेट 'नमस्ते पे' मार्फत अनलाइन र अफलाइन दुवै प्रकारले शुल्क भुक्तानी गर्न सकिनेछ । त्यसैगरी अनलाइन मोबाइल बैंकिङ र सेवा भुक्तानीको सहजीकरणका लागि प्रभु व्यवस्थापन प्रा.लि. सँग पनि परामर्श र सम्भाव्यताको खोजी गरियो ।

प्रारम्भिक योजना अनुसार सबै खानेपानी योजनाहरूको लागि इन्टरप्राइज रिसोर्स म्यानेजमेन्ट प्लेटफर्म (इआरपी) विकास गरिने लक्ष्य राखिए तापनि सो सरहको प्रणाली दियालो टेक्नोलोजीज प्रा.लि.ले शहरी क्षेत्रका खानेपानी योजनाहरूका लागि विकास गरि प्रयोगमा ल्याइकसेको हुनाले दियालोसँग शृंखलाबद्ध रुपमा छलफल गरी उनीहरूको प्रणालीलाई परियोजनाको आवश्यकता अनुसार परिमार्जन गरेपश्चात् प्रयोगमा ल्याइयो ।

## छनोट गरिएको निजी क्षेत्रले के-कस्ता सेवा प्रदान गर्दछ ?


**निजी क्षेत्रहरूले अनलाइन प्रणालीमा निम्न सेवाहरू प्रदान गर्छन्:**

१. केन्द्रीकृत वित्तीय तथा मानव संसाधन व्यवस्थापन: अक्सफामले निजी क्षेत्रसँग मिलेर काम गरिरहेको प्रणालीमा वित्तीय र मानव संसाधन व्यवस्थापन सेवा समावेश छन् । यसले बोर्डको एकल व्यवस्थापन अन्तर्गत रहेका सबै योजनाहरूको वित्तीय स्थितिको विवरण उपलब्ध गराउँछ । भविष्यमा सबै वित्तीय कारोबार डिजिटल रुपमै हुनेछन् र ती सबै कारोबार सिधै केन्द्रीय डिजिटल प्रणालीमा प्रविष्ट हुनेछन् । यसो गर्दा खानेपानी व्यवस्थापन बोर्डका निर्णयकर्ताले सबै आर्थिक स्थितिको अवलोकन गर्न पाउनेछन् । सो प्रणालीमा बोर्ड अन्तर्गत कार्यरत सबै मानवीय जनशक्तिको सूचना तथा जानकारी पनि सहजै उपलब्ध हुन्छ ।





*चित्र १ - राजपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको ड्यासबोर्डले सबै आवश्यक सूचना तथा जानकारी रेकर्डमा राख्छ ।*

२. सबै योजनाहरूको डिजिटल डाटाबेस: यस प्रणालीले बोर्डका सबै योजनाहरूको डिजिटल डाटाबेस उपलब्ध गराउँछ । यसमा स्रोत, पाइप, ट्याङ्की र धारा लगायत योजनासँग सम्बद्ध सबै विवरणहरूको भू-सन्दर्भित नक्सा पनि समावेश हुन्छ । यसले भोलिका दिनमा मर्मत सम्भारका लागि आवश्यक क्षेत्र पहिचान गर्न मद्दत गर्नेछ । हालसम्म यो प्रणाली कार्यान्वयनको प्रक्रियामा छ, र हाललाई भू-सन्दर्भित नक्सा 'एनवास' मा अपलोड गरिएको छ । उक्त सूचनाहरू वाटरमार्कबाट 'एनवास'मा मा सजिलै रुपान्तरण हुनेछ ।




*चित्र २ - 'एनवास' मा भू-सन्दर्भित विवरणको नक्शा ।*

३. गुनासो तथा सुझावको सम्बोधन: यस प्रणालीमा गुनासो तथा सुझावको लागि पनि सुविधा छ । यस अन्तर्गत कसैले पनि गुनासो दर्ता गर्न सक्दछ र यसको लागि टिकट जारी भई समस्या समाधान भएपछि मात्र प्रणालीमा टिकट बन्द हुनेछ । यसले बोर्डका प्राविधिकहरुको उत्तरदायित्व बढाउनेछ, किनभने सिस्टममा देखिने गुनासोलाई व्यवस्थापनका पदाधिकारीले पनि अनुगमन गरिरहेका हुन्छन् ।



# उत्प्रेरक ५ सफलतापूर्वक सम्पन्न गर्नुको महत्व



## १.५
## सञ्चालन र मर्मतसम्भारको काम खानेपानीसंस्था बाहिरका स्थानीय प्राविधिकमार्फत गर्ने ।

योजनाको सबैभन्दा महत्वपूर्ण उत्प्रेरक नै यही रहेको छ । अक्सफामले ग्रामीण नेपालको सन्दर्भमा भरपर्दो र उपयोगी व्यवस्थापन पद्धति पहिचान गर्न महत्वपूर्ण समय लगानी गरेको छ। अक्सफामले स्थानीय सरकारहरू, खानेपानी उपभोक्ता समिति, निजी क्षेत्र, खानेपानी तथा ढल व्यवस्थापन विभाग, खानेपानी मन्त्रालय, भरतपुर खानेपानी व्यवस्थापन बोर्डसँग स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ३, ध-२ अनुसार उपयुक्त व्यवस्थापन पद्धति पहिचान गर्न परामर्श गरेको थियो ।

## ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड भनेको के हो?

ग्रामीण/खानेपानी व्यवस्थापन बोर्ड गाउँ/नगरपालिकाहरूले स्वीकृत गरेको "ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड ऐन"को दफा ३ बमोजिम गठन भएको एक स्वायत्त निकाय हो । यसको उद्देश्य खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरीय र सहज पहुँचयोग्य बनाएर नगरपालिका क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने हो ।

### बोर्डको उद्देश्य:

१. विशेषज्ञ प्राविधिकहरू परिचालन गरी सम्बन्धित नगरपालिका वा गाउँपालिकामा नयाँ आयोजना निर्माण, स्तरोन्नति तथा मर्मत सम्भार गर्नुका साथै खानेपानी वितरण प्रणालीको नियमित निरीक्षण गर्नु ।

२. वैज्ञानिक महशुल निर्धारण तथा संकलन ।

३. सरसफाइ र स्वच्छता सम्बन्धी जनचेतना जगाउने ।


४. बोर्डको दिगो व्यवस्थापनको लागि दिगो योजना तयारी तथा कोष अभिवृद्धि गर्ने ।

५. ग्राहकलाई गुणस्तरीय सेवा उपलब्ध गराउन बोर्ड सञ्चालनका लागि आवश्यक नीति र कार्यविधि विकास गर्ने ।

### बोर्डको गठन

बोर्डको पद्धतिको बारेमा जागरुकता तथा चेतना अभिवृद्धि गर्न स्थानीय सरकार र खानेपानी उपभोक्ता समितिहरूसँग शृंखलावद्ध परामर्श बैठक तथा अभिमुखीकरणका कार्यक्रमहरू सञ्चालन गरिए। त्यसपछि अक्सफामले स्थानीय सरकारसँग मिलेर खानेपानी व्यवस्थापन बोर्ड ऐन निर्माण कार्य सम्पन्न गर्‍यो जसलाई पछि नगरपालिका/गाउँपालिकाको कार्यकारिणी सभाले अनुमोदन गर्‍यो । उक्त ऐन स्थानीय सरकारको राजपत्रमा प्रकाशित भई पालिका प्रतिनिधि, पालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (खा.स.स्व.) क्षेत्र हेर्ने अगुवा, खा.स.स्व. क्षेत्रका स्वतन्त्र विज्ञ र खा.स.स्व. क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संस्थाका प्रतिनिधि सम्मिलित कार्यकारी समिति गठन गरियो ।

## बोर्डको सांगठनिक संरचना




खानेपानी व्यवस्थापन बोर्डमा बोर्डको तर्फबाट गर्न पर्ने आवश्यक सबै गतिविधि कार्यान्वयन गर्नका लागि खानेपानी व्यवस्थापन बोर्ड ऐनमा कार्यकारी समितिको व्यवस्था रहेको छ । कार्यकारी समितिमा गाउँ/नगरपालिका र वडाका प्रतिनिधि, पालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (खा.स.स्व.) क्षेत्र हेर्ने अगुवा, खा.स.स्व. क्षेत्रका स्वतन्त्र विज्ञ र खा.स.स्व. क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संस्थाका प्रतिनिधिहरू सदस्य हुनेछन् । कार्यकारी निर्देशक/प्रबन्धकले बोर्डको सदस्य-सचिवको रूपमा काम गर्नेछन् । कार्यकारी समितिले कार्यकारी निर्देशक वा प्रबन्धकको नियुक्ती गर्नेछ जसले प्रशासन तथा वित्तशाखा र प्राविधिक तथा योजना शाखा जस्ता दुई मुख्य शाखाको नेतत्व गर्नेछ ।

प्रशासन तथा वित्त शाखाले अनलाइन प्लेटफर्ममार्फत सबै वित्तीय कारोबार तथा लेनदेनहरूको व्यवस्थापन गर्ने काम गर्दछ साथै मानव संसाधन, सम्पत्ति व्यवस्थापन र वित्तीय व्यवस्थापन सम्बन्धी सबै जानकारीहरू अद्यावधिक भएको सुनिश्चित गर्दछ । यसै शाखाले बोर्डको वैधानिक लेखापरीक्षण समयमै भएको सुनिश्चित गर्दछ । प्राविधिक र योजना शाखाले सेवा विस्तार (निर्माण), मर्मत सम्भारका साथै नियमित निरीक्षण लगायत सबै प्राविधिक कार्यको नेतृत्व गर्दछ । यसका साथै, बोर्डको मातहतमा रहने उपसमितिहरुले उपभोक्ताको प्रतिनिधित्व गर्दै उनीहरुका कुरालाई बोर्डमा प्रस्तुत गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

# हामी बोर्ड सञ्चालनमा कहाँ छौं ?

- खानेपानी व्यवस्थापन बोर्ड ऐन निर्माण
- खानेपानी व्यवस्थापन बोर्ड गठन
- खानेपानी व्यवस्थापन बोर्ड सञ्चालन नियमावली
- वित्तीय, कर्मचारी भर्ना, आयोजना हस्तान्तरण कार्यविधी
- कर्मचारी नियुक्तिसँगै बोर्डको सञ्चालन

- गाउँपालिकाको सबै खानेपानी आयोजनाको भू-सन्दर्भित नक्सा
- गाउँपालिकाहरुका सबै खानेपानी आयोजनाको विस्तृत परियोजना प्रतिवेदन
- सबै खानेपानी आयोजनाको वित्तीय अवस्थाको विश्लेषण
- बोर्डको व्यवसायिक योजना विकास
- वैज्ञानिक महसुल निर्धारण र स्थानीय सरकारद्वारा स्वीकृत
- सरकार वा अन्य निकायद्वारा कोषलाभ
- बोर्डको आम्दानीको सुरुवात


- बोर्डमा हास्तान्तरण गर्न इच्छुक खानेपानी आयोजनाहरुलाई सूचना प्रकाशन तथा निवेदन ग्रहण
- आयोजनाहरुलाई स्वामित्वमा लिनुअघि खानेपानी आयोजनाको अनुगमन तथा मूल्याङ्कन
- बोर्डद्वारा खानेपानी आयेजनाको स्वामित्व ग्रहण
- खानेपानी आयोजनाहरुको समूह निर्माण तथा प्राविधिक परिचालन
- अनलाइन प्लेटफर्ममा ग्राहक दर्ता, लेखा व्यवस्थापन, र सेवाग्राहीका गुनासाहरू सम्बोधन
- सेवा प्रवाह सुरु

खानेपानी व्यवस्थापन बोर्डमा यसको कार्यविधि अनुसारआवश्यक मात्रामा नियुक्त गरिएका जनशक्ति हुन्छन् । बोर्डले अक्सफामको सहयोगमा भू-सन्दर्भित नक्सासहित सबै खानेपानी योजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेको छ। बोर्डले व्यवसायिक योजना बनाएको छ र त्यसै अनुसार महशुल दर निर्धारण गरेको छ । बोर्डले खानेपानी आपूर्तिलाई व्यवस्थित गर्न आवश्यक रकम जुटाउन स्थानीय तथा संघीय सरकारसँग पनि पैरवी गरिरहेको छ। बोर्डमा समाहित भएका योजनाहरूलाई यसले सेवा प्रदान गर्न थालिकसेको छ। बोर्डको आम्दानीको स्रोतहरुमा नेपाल सरकार, विकास साझेदार संस्था र दाताहरूबाट प्राप्त अनुदान रकम, महसुल, सेवा शुल्क, जडान शुल्क, जरिवाना तथा वित्तीय संस्थाबाट प्राप्त गरेको ऋण आदि पर्दछन्।


Photo © Susma Panta/Oxfam in Nepal

## अर्को चरण

### हाम्रो मार्ग चित्र (रोडम्याप)




**हामीले स्थानीय स्तरमा बोर्डमार्फत खानेपानी आयोजनाको व्यवस्थापन सुरू गरी हाल बोर्डले सेवा सञ्चालन गरिरहेको छ । अबको हाम्रो अर्को चरण खानेपानी व्यवस्थापन बोर्डलाई सबल बनाउँदै सेवाग्राहीलाई गुणस्तरीय र स्वच्छ खानेपानी उपलब्ध गराउने तर्फ केन्द्रित हुनेछ र यो प्रयास बोर्ड आर्थिक रुपले सक्षम भई अपेक्षित स्तरको सुशासन कायम नभएसम्म जारी रहनेछ ।**

**के तपाईं यो परिवर्तनकारी (ग्राउन्ड-ब्रेकिङ) परियोजनामा सहभागी हुन चाहनुहुन्छ ?**

**इमेल: एन्जिल अधिकारी**
aadhikari@oxfam.org.uk



Photo © Susma Panta/OxfaminNepal



Photo © Susma Panta/OxfamInNepal



© अक्सफाम नेपाल, डिसेम्बर २०२३

यो दस्तावेज एन्जिल अधिकारी, मानबहादुर धनहा मगर, बिजु डंगोल, विजय थापा र सुष्मा पन्तद्वारा लेखिएको हो ।

हाम्रा स्थानीय साझेदार संस्था बागमती सेवा समाज नेपाल, ग्रामीण विकास केन्द्र र फोकस नेपाललाई सहयोगको लागि विशेष धन्यवाद ।

यो कार्यमा आर्थिक रुपमा सहयोग गर्नुहुने हाम्रा साझेदार पोउल डिउ जेन्सन फाउण्डेशन र क्लबलाई हार्दिक आभार ।